# कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमानमा प्रायः सोधिने प्रश्नहरु

## कम जटिल निकायहरुका वित्तीय विवरणहरुको लेखापरीक्षणको लागि नेपाल लेखापरीक्षणमान

## (NSA for LCE)

AuSB/Nepal
लेखापरीक्षणमान बोर्ड
AUDITING STANDARDS BOARD

यी प्रायः सोधिने प्रश्नहरू (FAQs) र सोका उत्तरहरु नेपाल लेखापरीक्षणमान बोर्ड (AuSB) द्वारा जारी गरिएको हो ।

AuSB ले कम जटिल निकायहरूका वित्तीय विवरणहरूको लेखापरीक्षणको लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) विकास गरी नोभेम्बर २०२४ मा जारी गरेको थियो । यो मान मिति २०८३ साउन ०१ वा सो मिति पश्चातको अवधिमा तयार हुने कम जटिल निकायहरू (Less Complex Entities) का वित्तीय विवरणहरूको लेखापरीक्षणको लागि लागु हुनेछ । यद्यपी यस मानको ऐच्छिक प्रयोग मिति २०८३ साउन ०१ भन्दा पहिले समेत गर्न सकिनेछ ।

यी प्रश्नोत्तरहरूको उद्देश्य NSA for LCE को प्रयोगसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गरी उक्त मानलाई अपनाउन र कार्यान्वयनमा सहयोग पुऱ्याउने रहेको छ । यी प्रश्नोत्तरहरू, NSA for LCE का विभिन्न पक्षहरूलाई उजागर, चित्रण वा व्याख्या गरी यो मानको प्रयोगमा सहयोग गर्न, डिजाइन गरिएको हो । तिनीहरूले NSA for LCE लाई संशोधन वा विस्थापन गर्दैनन् । साथै, यी FAQ हरु पढ्नु भनेको NSA for LCE पढ्नुको विकल्प होइन ।

---

## विषयसूची


क. सामान्य (General) ...................................................................... प्र.नं. १ देखि ६

ख. मान प्रयोगका फाइदाहरु (Benefits of Using the Standard) ......................... प्र.नं. ७ देखि १०

ग. समग्र अवधारणाहरु (Overarching Concepts) .......................................... प्र.नं. ११ देखि १२

घ. मान लागू हुने क्षेत्र (Applicability of the Standard) .................................. प्र.नं. १३ देखि १७

ङ. मानको बारेमा (About the Standard) ..................................................... प्र.नं. १८ देखि २०

च. लेखापरीक्षणमा मानको स्थानान्तरण (Transition Out of the Standard) .......... प्र.नं. २१ देखि २२

## क. सामान्य (General)

**१. कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) भनेको के हो ?**

NSA for LCE नेपाल लेखापरीक्षणमान बोर्ड (AuSB) द्वारा निजी तथा सार्वजनिक क्षेत्रका कम जटिल निकायहरू (LCE) को वित्तीय विवरणहरुको लेखापरीक्षणका लागि अन्तराष्ट्रिय लेखापरीक्षणमान (ISA for LCE) को आधारमा विकास गरिएको नयाँ लेखापरीक्षणमान हो । यो एक एकल (Standalone) मान हो जुन साना तथा कम जटिल व्यवसायहरूको आवश्यकतालाई ध्यानमा राख्दै आनुपातिक, अनुकूलित र तर्जुमा (Proportionate, Tailored and Designed) गरिएको छ ।

यो मान नेपाल लेखापरीक्षणमानहरुक (NSAs) को आधारमा विकास भएकाले, यसअनुसार गरिएको लेखापरीक्षणले, यसको दायरामा पर्ने लेखापरीक्षणहरुको लागि समान स्तरको आश्वस्तता {मनासिब आश्वस्तता (Reasonable Assurance)} प्रदान गर्दछ। यसले वित्तीय प्रतिवेदनमा विश्वास कायम राख्न मद्दत गर्नेछ र कम जटिल निकायहरूमा लेखापरीक्षणमानको समान (Consistent) प्रयोगलाई बढावा दिनेछ ।

**२. NSA for LCE किन आवश्यक छ ?**

लेखापरीक्षणको क्षेत्रमा सबै व्यवसाय तथा तिनका लेखापरीक्षणहरु एकैनासका हुँदैनन् । सानो बेकरी पसलको लेखापरीक्षण भन्दा ठूलो बहुराष्ट्रिय कम्पनीको लेखापरीक्षण धेरै फरक हुन्छ । जनहितमा लेखापरीक्षणमानहरू तय गर्ने लेखापरीक्षणमान बोर्ड (AuSB) को जिम्मेवारीले अर्थतन्त्रको सम्पूर्ण क्षेत्रहरुलाई समेट्छ, जसमा बहुराष्ट्रिय कम्पनीहरू र कम जटिल निकायहरू दुबै समावेश हुन्छन् ।

साना तथा कम जटिल निकायहरूले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् र लेखापरीक्षणको उल्लेख्य हिस्सा ओगटेका छन् । यसैबीच, नेपाल लेखापरीक्षणमानहरू (NSAs) मा निकायहरुको बढ्दो जटिल संरचना र कारोबारहरू सम्बोधन गर्न आवश्यक छ, जुन कार्य AuSB ले अन्तराष्ट्रिय विकासक्रमहरुलाई अध्ययन गर्दै अद्यावधिक गरिरहेको छ । NSAs का यी जटिलताहरूले कम जटिल निकायहरूको लेखापरीक्षणमा चुनौतीहरू खडा गर्न सक्दछन् । यसैकारण, AuSB ले साना तथा कम जटिल निकायहरूको लेखापरीक्षणमा सहयोग गर्न ISA for LCE को आधारमा NSA for LCE विकास गरेको हो ।

**३. NSA for LCE कहिले देखि लागु हुनेछ ?**

यो मान मिति २०८३ साउन ०१ वा सो मिति पश्चातको अवधिमा तयार हुने कम जटिल निकायहरू (Less Complex Entities) का वित्तीय विवरणहरूको लेखापरीक्षणको लागि लागु हुनेछ । यद्यपी यस मानको ऐच्छिक प्रयोग मिति २०८३ साउन ०१ भन्दा पहिले समेत गर्न सकिनेछ ।

**४. के NFRS for SMEs प्रयोग गर्ने सम्पूर्ण निकायहरूको लेखापरीक्षणका लागि NSA for LCE लागू गर्न सकिन्छ ?**

NFRS for SMEs प्रयोग गर्ने निकायहरूको लेखापरीक्षणका लागि NSA for LCE लागू गर्न सकिन्छ सकिँदैन भन्ने विषय सो निकायको वास्तविक अवस्था र परिस्थितिहरुमा निर्भर गर्दछ । सामान्यतया, दुबै मानहरू साना र प्रायः कम जटिल निकायहरूलाई लक्षित गरी तयार गरिएका हुन्, तर यी मानहरू (NFRS for SMEs र NSA for LCE) को प्रयोगको उपयुक्तता निर्धारण गर्ने मापदण्डहरु फरक-फरक रहेका छन् ।

निकायले आफ्नो वित्तीय विवरण तयार गर्न जुनसुकै स्वीकारयोग्य वित्तीय प्रतिवेदनको खाका (Acceptable Financial Reporting Framework) प्रयोग गरेको भए तापनि, NSA for LCE त्यतिबेला मात्रै प्रयोग गर्न सकिन्छ जब लेखापरीक्षकले NSA for LCE को प्राधिकार अनुसार यसलाई प्रयोग गर्न उपयुक्त ठान्दछन् ।

**५. के NSA for LCE अनुसार लेखापरीक्षण गर्दा लेखापरीक्षकलाई केही विशेष परिस्थितिहरूमा नेपाल लेखापरीक्षणमान (NSA) को सन्दर्भ लिन आवश्यक पर्दछ ?**

पर्दैन । NSA for LCE एक एकल (Standalone) मान हो जुन NSA बाट पूर्ण रूपमा अलग छ । त्यसैले, NSA for LCE मा NSA को कुनै पनि अन्तर-सन्दर्भ (Cross Reference) राखिएको छैन ।

**६. नेपाल लेखापरीक्षणमान (NSA) भन्दा कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) कसरी फरक छ ?**

नेपाल लेखापरीक्षणमान (NSA) र कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) बीच रहेका मुख्य भिन्नताहरु निम्न बमोजिम रहेका छन् :

| भिन्नताका आधारहरु | कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) | नेपाल लेखापरीक्षणमान (NSA) |
|---|---|---|
| लागू हुने क्षेत्र | केवल कम जटिल निकायहरू (LCE) को लेखापरीक्षणमा | सबै प्रकारका निकायहरूको लेखापरीक्षणमा |
| संरचना | एकल मान, जसमा १० वटा भागहरु समावेश छन् | ३७ वटा अलग-अलग मानहरू |
| पृष्ठ संख्या | करिब १५० पृष्ठ | करिब १,००० पृष्ठ |
| अधिक जटिल मानिने विषय वा परिस्थिति सम्बन्धी आवश्यकता | समावेश छैन | समावेश गरिएको छ |

| | | |
|---|---|---|
| दुर्लभ परिस्थिति सम्बन्धी आवश्यकता | समावेश गरिएको छैन | समावेश गरिएको छ |
| मार्गदर्शन | आवश्यकतासँगै राखिएको | विस्तृत रुपमा र आवश्यकता भन्दा अलग राखिएको |
| उदाहरणहरु | कम जटिल निकायमा केन्द्रित | विभिन्न प्रकारका निकायहरु समेटिएको |

## ख. मान प्रयोगका फाइदाहरु (Benefits of Using the Standard)

**७. NSA for LCE ले कम जटिल निकाय (LCE) हरूको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरूलाई कसरी सहयोग गर्दछ ?**

- यो एक एकल (Standalone) मान हो (NSA को सन्दर्भ लिन आवश्यक पर्दैन) जुन साना तथा कम जटिल व्यवसायहरूको महत्वलाई स्विकार गर्दै, कम जटिल निकायहरूको लेखापरीक्षणको विशेष आवश्यकतालाई ध्यानमा राखी आनुपातिक र अनुकूलित (Proportionate and Tailored) गरिएको छ ।
- NSA for LCE को तर्जुमा (Design) सहज संरचनामा गरिएको छ, जुन लेखापरीक्षणको प्रक्रिया बमोजिम प्रवाहित भएको छ । साथै, यो मान स्पष्ट, बुझ्न सहज हुने र संक्षिप्त भाषा प्रयोग गरी तयार गरिएको छ ।
- यो मानले दस्ताबेजीकरण (Documentation) सम्बन्धी आवश्यकतालाई सरल बनाउँदछ। सरल भए तापनि यो (Documentation), लेखापरीक्षकको निष्कर्षहरूलाई समर्थन गर्न पर्याप्त छ तथा निकायको आकार र जटिलताको अनुपातमा रहेको छ ।
- यो मानले लेखापरीक्षणको गुणस्तरलाई कम नगरी लेखापरीक्षणको लागत घटाउन मद्दत गर्दछ ।
- यो मान केवल कम जटिल निकायहरुमा लागू हुने विषयवस्तुहरूमा केन्द्रित रहेको छ ।
- यो मानले कम जटिल निकायहरूको लेखापरीक्षण सम्बन्धी फरक आवश्यकताहरूलाई पहिचान गरेको छ ।
- यस मानमा राखिएका मार्गदर्शन र उदाहरणहरू विशिष्ट (Specific) रुपमा कम जटिल निकायहरूका लागि रहेका छन् र लेखापरीक्षकले ध्यान दिन आवश्यक पर्ने विषयहरूमा केन्द्रित रहेका छन् ।
- NSA for LCE ले लेखापरीक्षकहरूलाई कम जटिल निकायहरूको लागि समान र प्रभावकारी उच्च गुणस्तरको लेखापरीक्षण (Consistent and Effective High-Quality Audit) प्रदान गर्न सहयोग गर्दछ ।

**८. के NSA for LCE प्रयोग गर्दा लेखापरीक्षणको गुणस्तर घट्छ वा लेखापरीक्षणमा कम कार्य आवश्यक पर्दछ भन्ने अर्थ लाग्छ ?**

NSA for LCE ले लेखापरीक्षणको गुणस्तर घटाउँदैन वा यसको अर्थ कम काम आवश्यक पर्दछ भन्ने पनि होइन । यो फरक प्रकारको लेखापरीक्षण हो, तर कम गुणस्तरको भने होइन । यसले लेखापरीक्षकहरूलाई कम जटिल निकायहरूको लागि सान्दर्भिक लेखापरीक्षणका पक्षहरूमा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ ।

यो मान, सही क्षेत्रमा सही कार्य (सही मात्रा सहित) गर्ने तथा सो कार्यलाई अघि बढाउन उपयुक्त आवश्यकताहरु राख्ने बारेमा हो । NSA को आधारभूत अवधारणामा आधारित यस मान (NSA for LCE) ले कम जटिल निकायहरूका लागि गुणस्तरीय लेखापरीक्षण प्रदान गर्न सहयोग गर्दछ । यसले कम जटिल निकायहरुमा समान र प्रभावकारी (Consistent and Effective) रुपमा लेखापरीक्षण सम्पादन गर्न सहयोग गर्दछ ।

**९. यदि NSA for LCE ले लेखापरीक्षणमा लाग्ने समय कम गर्दछ भन्ने निश्चित हुँदैन भने, यो मान प्रयोग गर्दा के फाइदा हुन्छ ?**

NSA for LCE लाई कम जटिल निकायका लेखापरीक्षणको आवश्यकताहरुलाई ध्यानमा राखी आनुपातिक र अनुकूलित (Proportionate and Tailored) गरिएको छ । यसका प्रमुख फाइदाहरू देहायबमोजिम रहेका छन् :

- **स्पष्ट र संक्षिप्त भाषाः** यो मान सजिलै बुझ्न सकिने, स्पष्ट र संक्षिप्त भाषामा लेखिएको छ, जसमा अनावश्यक शब्दहरू, पुनरावृती वा अस्पष्ट भाषा समावेश छैन ।
- **प्रयोगमा सहजताः** यसको संरचना र छोटो आकारले गर्दा लेखापरीक्षकहरूले मानलाई सहजै बुझ्न र प्रयोग गर्न सक्दछन् ।
- **सान्दर्भिक आवश्यकतामा ध्यानः** लेखापरीक्षकहरूले कम जटिल निकायसँग सम्बन्धित नभएका विस्तृत आवश्यकता र मार्गदर्शनहरू अध्ययन गर्नु पर्दैन, जसले गर्दा उनीहरूले सबै आवश्यकताहरू पूरा गरेको सुनिश्चित गर्न सक्दछन् ।

यी प्रमुख फाइदाहरूले कम जटिल निकायका लेखापरीक्षकलाई, सारभूत रुपमा त्रुटिपूर्ण प्रस्तुतीको जोखिम (Material Misstatement) लाई अधिक प्रभावकारी रुपमा लक्षित गर्ने उपयुक्त विधिहरू सम्पादन गर्नमा बढी समय दिन सहयोग पुऱ्याउँदछन् ।

**१०. यदि अघिल्लो वर्ष NSA अनुसार लेखापरीक्षण गरिएको थियो र हाल NSA for LCE अनुसार लेखापरीक्षण गरिंदै छ भने, के सेवाग्राहिले NSA for LCE अनुसार लेखापरीक्षण गरेको आधारमा मात्र सेवा शुल्क घट्ने अपेक्षा गर्न सक्दछन् ?**

सक्दैनन् । NSA for LCE र NSA दुबै मान अनुसार लेखापरीक्षण गर्दा समान स्तरको आश्वस्तता (मनासिब आस्वस्तता) प्रदान गरिने भएकोले लेखापरीक्षकको कार्य घट्ने अपेक्षा गरिंदैन । त्यसैले, शुल्क घट्ने अपेक्षा समेत गर्न सकिंदैन ।

## ग. समग्र अवधारणाहरु (Overarching Concepts)

**११. कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) ले कुन स्तरको आश्वस्तता प्रदान गर्दछ ?**

कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) ले पनि नेपाल लेखापरीक्षणमान (NSA) अन्तर्गत गरिने लेखापरीक्षणले प्रदान गर्ने जस्तै समान स्तरको आश्वस्तता (मनासिब आश्वस्तता) प्रदान गर्दछ ।

**१२. नेपाल लेखापरीक्षणमान (NSA) भन्दा निकै छोटो भएर पनि कम जटिल निकायहरुका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) ले कसरी नेपाल लेखापरीक्षणमानले जस्तै समान स्तरको आश्वस्तता प्रदान गर्न सक्दछ ?**

कुनै पनि लेखापरीक्षण अनुबन्धमा प्राप्त हुने आश्वस्तताको स्तर, लेखापरीक्षणको योजना तथा पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरी लेखापरीक्षण जोखिमलाई स्वीकार्ययोग्य रुपमा न्यून स्तरमा ल्याउने प्रक्रियाबाट निर्धारित हुन्छ । NSA for LCE ले लेखापरीक्षकको लागि उक्त बमोजिमका प्रक्रियाहरुलाई कम जटिल निकायको लेखापरीक्षणको विशेष प्रकृति र परिस्थितिअनुकूल व्यवस्था गरेको छ । केही मान तर्जुमा (Design) का कारकहरूले यो मानलाई नेपाल लेखापरीक्षणमान (NSA) भन्दा धेरै छोटो बनाएका छन्, उदाहरणका लागि :

- NSA for LCE मा रहेका आवश्यकताहरू (Requirements) र आवश्यक व्याख्यात्मक सामग्रीहरु (Essential Explanatory Materials "EEM"), कम जटिल निकायको लेखापरीक्षणको विशेष प्रकृति र परिस्थितिअनुकूल तयार गरिएको छ । जटिल विषयहरू वा परिस्थितिहरू सम्बोधन गर्ने आवश्यकताहरू र व्याख्यात्मक सामग्रीहरु लाई NSA for LCE बाट हटाइएको छ ।

- NSA for LCE ले उक्त मानमा समावेश आवश्यकताको परिणाम के हुनुपर्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्दछ । आवश्यकताहरूले लेखापरीक्षकको जिम्मेवारीहरु वर्णन गरेको छ, तर अनावश्यक विस्तृत विवरणहरु समावेश गरेको छैन ।
- NSA for LCE का आवश्यकताहरू स्पष्ट, बुझ्न सजिलो र संक्षिप्त रूपमा लेखिएका छन्, जसमा अनावश्यक शब्दहरू, पुनरावृती वा अस्पष्ट भाषाहरु समावेश छैनन् ।

केही तर्जुमाका कारकहरूले यो मानलाई NSA भन्दा धेरै छोटो बनाएको भए तापनी यसमा समावेश आवश्यकताहरूले लेखापरीक्षकलाई NSA for LCE को अनुच्छेद १.३.१ मा उल्लिखित समग्र उद्देश्यहरू प्राप्त गर्न सक्षम बनाउँदछन् ।

## घ. मान लागू हुने क्षेत्र (Applicability of the Standard)

### १३. NSA for LCE कहिले प्रयोग गर्न सकिन्छ ?

यस मानको प्राधिकारमा NSA for LCE प्रयोगको सम्बन्धमा निर्धारण गरिएका सीमाहरूलाई निम्न बमोजिम तीन वटा श्रेणीहरुमा विभाजन गरिएको छ :

***क) विशेष प्रतिबन्धहरू (Specific Prohibitions)***

कम जटिल निकायहरूका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) निम्न अवस्थाहरूमा प्रयोग गर्नु हुँदैन:

अ) कुनै क्षेत्राधिकार (Jurisdiction) को कानुन वा नियमले NSA for LCE को प्रयोगलाई निषेध गरेको अवस्थामा वा सो क्षेत्राधिकारमा वित्तीय विवरणहरूको लेखापरीक्षणका लागि NSA for LCE बाहेक अन्य लेखापरीक्षण मानहरू लागु हुनेछ भनी तोकेको अवस्थामा,

*(नोटः हालसम्म नेपालमा कुनै पनि कानून वा नियम अन्तर्गत यस्तो प्रतिबन्ध छैन ।)*

आ) सूचीकृत निकाय (Listed Entity) भएमा,

इ) निकाय निम्न वर्गहरू मध्ये कुनै एकमा परेमा:

- निकाय, जसको मुख्य कार्यहरू मध्ये एक आम नागरिकबाट निक्षेप सङ्कलन गर्ने (Take Deposit from Public) हो र उक्त निक्षेपहरूको सङ्कलित रकम रु. दश करोड वा बढी छ;
- निकायको मुख्य कार्यहरू मध्ये एक आम नागरिकलाई बीमा प्रदान गर्ने हो; वा
- सार्वजनिक चासोका विशेषताहरू भएको निकाय (Entity Exhibiting Public Interest Characteristics)

*कुनै निकायले निम्न सर्तहरू मध्ये कुनै एक पूरा गरेमा त्यसलाई "सार्वजनिक चासोका विशेषताहरू भएको निकाय" मानिन्छ:*

*(क) यदि निकायले बैंक, वित्तीय संस्था, सार्वजनिक कोष वा नासो/अमानतको रूपमा (In Fiduciary Capacity) सम्पत्ति राख्ने निकायहरूबाट रु. पचास करोड वा सोभन्दा बढी रकम ऋण/उधारो लिएको छ भने,*

*(ख) यदि निकायको मुख्य कार्यहरू मध्ये एक बाहिरी पक्षहरूको व्यापक समूह (Borad Group of Outsiders) को लागि नासो/अमानतको रूपमा (In Fiduciary Capacity) सम्पत्ति राख्ने हो र रु. पचास करोड वा सोभन्दा बढी रकम बराबरको सम्पत्ति राखेको छ भने ।*

(ई) समूह वित्तीय विवरणहरूको लेखापरीक्षण (Group Audit) को हकमाः

- यदि समूह भित्रको कुनै एक निकाय (Individual Entity) वा व्यवसायिक एकाइ (Business Unit) ले अनुच्छेद ए.१ (ख) वा ए.१ (ग) बमोजिमको मापदण्डहरू पूरा गरेमा; वा
- लेखापरीक्षणमा इकाइ लेखापरीक्षकहरू (Component Auditors) संलग्न भएमा । तर, इकाइ लेखापरीक्षकको संलग्नता, भौतिक उपस्थिति आवश्यक पर्ने समूह लेखापरीक्षणको कुनै खास लेखापरीक्षण विधि (जस्तैः मौज्दातको गणना, सम्पत्ति वा कागजातहरूको भौतिक निरीक्षण) मा मात्र सीमित रहेको अवस्थामा कम जटिल निकायहरूका लागि नेपाल लेखापरीक्षणमान (NSA for LCE) लागु हुन सक्दछ ।

### *(ख) परिमाणात्मक सीमाहरू (Quantitative Thresholds)*

निम्नमध्ये एक वा सो भन्दा बढि सीमाहरु पुरा गरेको अवस्थामा NSA for LCE प्रयोग गर्नु हुँदैन :

(अ) वार्षिक कारोबार (आय) रु. एक अर्ब वा सोभन्दा बढी भएमा ।

(आ) वित्तीय स्थितिको विवरण (Statement of Financial Position) को कूल योग (चालु दायित्व र चालु सम्पत्तिलाई समायोजन नगरी (Without Netting Off) रु. एक अर्ब वा सोभन्दा बढी भएमा ।

(इ) वर्षभरि कार्यरत औसत कर्मचारीहरूको सङ्ख्या तीन सय जना वा सोभन्दा बढी भएमा ।


### *(ख) गुणात्मक विशेषताहरू (Qualitative Characteristics)*

गुणात्मक विशेषताहरू अन्तर्गत लेखापरीक्षकले कुनै पनि निकायको जटिलताको सम्बन्धमा स्वविवेक प्रयोग गरी NSA वा NSA for LCE प्रयोग गर्ने भनी निर्धारण गर्न सक्दछन् ।

NSA for LCE को प्रयोग निर्धारण गर्न निम्न विषयहरु (यो पूर्ण सूची भने होइन) विचार गर्न सकिन्छ:

- व्यावसायिक गतिविधिहरू, व्यावसायिक मोडल र उद्योग (Business Activities, Business Model and Industry
- सङ्गठनात्मक संरचना र आकार (Organizational Structure and Size)
- स्वामित्व संरचना (Ownership Structure)
- वित्तीय कार्यको प्रकृति (Nature of Finance Function)
- सूचना प्रविधि (Information Technology – "IT")
- वित्तीय प्रतिवेदनको खाका र लेखा अनुमानहरूको प्रयोग (Application of the Financial Reporting Framework and Accounting Estimates)

## NSA for LCE लागू हुने क्षेत्रलाई निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छ :



**१४. कुनै निकायले प्रश्न नंः १३ मा उल्लिखित मापदण्डहरु पूरा गरेको अवस्थामा के हुन्छ ?**

यदि कुनै निकायले लगातार दुई वर्षसम्म माथी उल्लिखित मापदण्डहरु मध्ये कम्तिमा एउटा मात्र मापदण्ड पूरा गर्दछ भने, उक्त निकायमा NSA for LCE लागू हुँदैन । साथै, यदि निकायले लगातार दुई वर्षसम्म सम्पूर्ण मापदण्डहरु पूरा गर्न असफल भएको अवस्थामा मात्र NSA for LCE प्रयोग गर्न सकिन्छ ।

**१५. यदि कुनै निकाय नव स्थापित निकाय (दुई वर्षभन्दा कम समयदेखि अस्तित्वमा रहेको) हो भने सो अवस्थामा के हुन्छ ?**

नयाँ स्थापना भएको निकाय (दुई वर्षभन्दा कम समयदेखि अस्तित्वमा रहेको) को हकमा यदि यसले आफ्नो स्थापनापछिको सबै वर्षहरूमा प्रश्न नंः १३ का सम्पूर्ण मापदण्डहरु मध्ये कम्तिमा एउटा मापदण्ड पूरा गरेको छ भने उक्त निकायको लागि NSA for LCE लागू हुनेछैन ।

**१६. यदि लेखापरीक्षकले पहिलो वर्षमा NSA for LCE को प्रयोग उपयुक्त छ भनी निर्धारण गरेमा, के पछिल्ला वर्षहरूमा समेत लेखापरीक्षकले NSA for LCE प्रयोग गर्न उपयुक्त छ भनी मान्न सक्दछन् ?**

सक्दैनन् । लेखापरीक्षकले कुनै निकायको लेखापरीक्षणमा NSA for LCE प्रयोग गर्ने सम्बन्धमा गर्ने निर्णय र सोको दस्ताबेजीकरण प्रत्येक वर्षको लेखापरीक्षणको लागि गर्नु पर्दछ ।

**१७. कुनै निकायको लेखापरीक्षणमा NSA for LCE लागू गर्न सकिने अवस्थामा के लेखापरीक्षकले उक्त मान लागू गर्नु अनिवार्य हुन्छ ?**

हुँदैन । लेखापरीक्षकले NSA for LCE को प्राधिकारमा उल्लिखित दायरामा पर्ने निकायहरुको लेखापरीक्षणमा सो मान लागू गर्न सक्दछन् । तर, लेखापरीक्षकलाई आफ्नो विवेक अनुसार NSA for LCE को दायरामा पर्ने निकायहरुको लागि समेत NSA को प्रयोग गरी लेखापरीक्षण गर्न प्रतिबन्धित भने छैन ।

## ङ. मानको बारेमा (About the Standard)

**१८. के NSA for LCE ले लेखापरीक्षकलाई अन्तर्निहित जोखिम (Inherent Risk) र नियन्त्रण जोखिम (Control Risk) को मूल्याङ्कन संयुक्त रूपमा गर्न अनुमति दिन्छ ?**

दिंदैन । NSA for LCE अनुसार अन्तर्निहित जोखिम (Inherent Risk) र नियन्त्रण जोखिम (Control Risk) को मूल्याङ्कन छुट्टाछुट्टै गर्नु पर्दछ । NSA for LCE को अनुच्छेद ६.४.१ (ख) (आ) र ६.४.७ हेर्नुहोस् ।

**१९. के NSA for LCE मा नेपाल गुणस्तर व्यवस्थापनमान (NSQM) लागू हुन्छ ?**

हुन्छ । NSA for LCE ले लेखापरीक्षण फर्म, नेपाल गुणस्तर व्यवस्थापनमान १ (NSQM 1) वा कम्तिमा सो जत्तिकै माग गर्ने राष्ट्रिय आवश्यकताहरू अन्तर्गत रहेको छ भन्ने मान्यता राख्दछ । NSA for LCE को अनुच्छेद पी.१ र १.२.२ हेर्नुहोस् ।

**२०. के लेखापरीक्षकहरूलाई NSA for LCE लागू गर्न सहयोग पुऱ्याउने उदाहरणहरू छन् ?**

NSA for LCE मा निम्न बमोजिमका उदाहरणहरू समावेश रहेका छन् :

- अनुबन्ध पत्रको नमुना (NSA for LCE को अनुसूची २)
- प्रतिनिधित्व पत्रको नमुना (NSA for LCE को अनुसूची ७)
- लेखापरीक्षकको प्रतिवेदनको नमुना (NSA for LCE को अनुच्छेद ९.४)

साथै, लेखापरीक्षक प्रतिवेदनको लागि अतिरिक्त मार्गदर्शन (Auditor Reporting Supplemental Guidance) मा विभिन्न परिस्थितिहरू (जस्तै: कैफियत सहितको राय, प्रतिकूल राय आदि) को लागि लेखापरीक्षकको प्रतिवेदनहरुको नमुनाहरु प्रस्तुत गरिएको छ ।

*(नोट: लेखापरीक्षक प्रतिवेदनको लागि अतिरिक्त मार्गदर्शन (Auditor Reporting Supplemental Guidance) को अङ्ग्रेजी संस्करण बोर्डको वेबसाइट मार्फत प्रकाशन भइसकेको छ । साथै उक्त मार्गदर्शनको नेपाली संस्करण समेत तयारीको क्रममा रहेकोले छिटै प्रकाशन गर्ने योजना बोर्डको रहेको छ ।)*

## च. लेखापरीक्षणमा मानको स्थानान्तरण (Transition Out of the Standard)

**२१. यदि लेखापरीक्षण अनुबन्धको बीचमै NSA for LCE बाट NSA मा स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा के गर्ने ?**

यदि लेखापरीक्षकले लेखापरीक्षण अनुबन्धको बीचमा NSA for LCE बाट NSA मा स्थानान्तरण गर्नुपर्ने अवस्था आउँछ भने, सो अवस्थालाई सम्बोधन गर्न NSA for LCE को First-Time Implementation Guide ले सहयोग पुऱ्याउँदछ ।

*(नोटः NSA for LCE को First-Time Implementation Guide हाल बोर्ड (AuSB) मा तयारीको क्रममा रहेको छ र छिटै प्रकाशनमा ल्याउने योजना रहेको छ ।)*

उपरोक्त बमोजिम मानको स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा लेखापरीक्षकले सामान्यतया देहायबमोजिका कार्यहरू गर्नुपर्ने हुन्छ :

- अनुबन्धका शर्तहरू (Terms of Engagement) पुनः निर्धारण गर्ने, उदाहरणको लागि अद्यावधिक गरिएको अनुबन्ध पत्र (Engagement letter) जारी गरेर ।
- व्यवस्थापन वा शासकिय भूमिका वहन गर्ने जिम्मेवार व्यक्तिहरू (Those Charged with Governance) सँग सञ्चारहरू पुनः जारी गर्ने ।
- लेखापरीक्षणको योजना चरणमा पर्याप्त काम भएको छ छैन भनी मूल्याङ्कन गर्ने ।
- सुरुवाती मौज्दातहरु (Opening Balance) मा थप विधिहरु आवश्यक छ छैन भनी विचार गर्ने ।
- पहिले सम्पन्न भइसकेका कार्यहरुको पर्याप्तता र उपयुक्तता मूल्याङ्कन गर्ने ।
- NSAs का सम्बन्धित सबै आवश्यकताहरू पूरा गर्न आवश्यक अतिरिक्त विधिहरू तर्जुमा र सम्पादन गर्ने, साथै उपयुक्तताअनुसार अतिरिक्त दस्ताबेजीकरण गर्ने ।
- NSAs का उद्देश्यहरू पूरा गर्न वा फर्मका नीति वा प्रक्रियाहरु अनुसारका दायित्वहरू पूरा गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

**२२. यदि अघिल्लो वर्षको अनुबन्ध (Engagement) पछि मानको स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा के गर्ने ?**

यदि लेखापरीक्षकले अघिल्लो वर्षको लेखापरीक्षण अनुबन्ध पूरा भएपछि NSAs मा स्थानान्तरण गर्नुपर्ने अवस्था आउँदछ (अर्थात्, अघिल्लो अवधिको लागि NSA for LCE प्रयोग गरिएको थियो र चालु अवधिमा NSAs प्रयोग गर्नु पर्नेछ), भने नेपाल लेखापरीक्षणमान ५१० : सुरुवाती लेखापरीक्षण अनुबन्धहरु (Initial Audit Engagements) र नेपाल लेखापरीक्षणमान ७१० : तुलनात्मक जानकारी (Comparative Information) ले लेखापरीक्षण विधिका आवश्यकताहरू र सम्बन्धित मार्गदर्शनहरु प्रदान गर्दछन् ।

लेखापरीक्षकको प्रतिवेदनको सम्बन्धमा, जब वित्तीय विवरणहरूमा समवर्ती आँकडाहरू (Corresponding Figures) वा तुलनात्मक वित्तीय विवरणहरू (Comparative Financial Statements) समावेश हुन्छन् र अघिल्लो अवधिमा फरक लेखापरीक्षणमान (हरू) अन्तर्गत लेखापरीक्षण गरिएको थियो भने, फरक अवधिहरूमा प्रयोग भएका लेखापरीक्षणमान (हरू) बारेको जानकारी लेखापरीक्षकको प्रतिवेदनमा समावेश गर्न आवश्यक हुँदैन । यद्यपि उक्त जानकारी समावेश गर्न आवश्यक नभएता पनि, लेखापरीक्षकले अन्य विषयवस्तुको अनुच्छेद (Other Matter Paragraph) समावेश गरी अघिल्लो अवधिको लेखापरीक्षण फरक लेखापरीक्षणमान प्रयोग गरी भएको थियो भन्ने व्यहोरा उल्लेख गर्न सक्दछन् ।